# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२।०८३

चलानी नं. :

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मिति : २०८२।०६।०७

ने.स. ११४५ कौलाथ्व २ मंगलवार

**सूचना नं. : २०**

**सुत्र प्रणालिमा आएको समस्या सम्बन्धमा जानकारी !**

केही दिन देखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालि SuTRA मा प्राविधिक समस्या आएको कारण भूक्तानीमा असहजता आएता पनि यस कार्यालयबाट भूक्तानीको लागि निरन्तर प्रयास भईरहेको छ । प्रणालीको प्राविधिक समस्याका कारण यस विहादी गाउँपालिकाबाट हुने भूक्तानी प्रणालिमा समेत प्रभाव परि भूक्तानी गर्न नसकिएको तथा महालेखा नियन्त्रक कार्यालय, अनामनगर काठमाण्डौको च.नं. ४४, मिति २०८२।०६।०७ को प्राप्त पत्रानुसार विभिन्न कारणहरुले प्रणालीमा प्रयोगकर्ताको चाप बढ्न गई समस्या उत्पन्न भएको साथै प्राणीको EFT सर्भरमा क्षमता बढाउने कार्य भईरहेको र उक्त प्रणाली २०८२।०६।०७ देखि २०८२।०६।१० सम्म सुस्त हुने जानकारी प्राप्त भएको व्यहोरा सम्बन्धित सवैको जानकरीको लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त प्रणाली सञ्चालन भएको जुनसुकै समयमा पनि यस कार्यालयबाट शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता लगायत अन्य भूक्तानीको कार्य गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

अनामनगर, काठमाण्डौं

(अन्तर सरकारी वित्त समन्वय शाखा)

फ्याक्स नं.- ०१-४७७०३८६
फो.नं.- ०१-४७७११५०
ईमेल : igfcs@fcgo.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

प.सं. २०८२/८३
च.नं. ४४

मिति :- २०८२।०६।०७

विषय :- सुत्र प्रणाली संचालनमा रहेको समस्या सम्वन्धमा ।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा यस महालेखा नियन्त्रक कार्यालयवाट स्थानीय तह संचित कोष व्यवस्थापना प्रणाली (SuTRA) को सहजीकरण गरिरहेको व्यहोरा अवगत नै छ।

२०८२।५।२४ गते देखि करिव १ हप्ता देशको असहज वातावरण र यसको प्रभाव स्वरुप सुत्र प्रणाली वन्द रहेको, त्यसपछि हाल सवै निकायले एकसाथ प्रणाली संचालन गर्दा अत्याधिक चाप रहेको, महान चाड वडादशैंको कारण सवै प्रकारका निकासाहरु र खर्च प्रणालीको काम हुदा प्रयोग कर्ता वढी भएको, प्रतिवेदन तयारी एव लेखापरीक्षणको काम भइरहेको, पालिकाहरुको कर छुट अवधिका कारण करदाताहरु कर तिर्ने चाप अति रहेको, प्रणालीको क्षमता सिमित हुदा एक साथ सेवा प्रवाह गर्न समस्या भएको, महालेखा नियन्त्रक कार्यालयवाट कार्यालय समय र विदाको दिनमा प्रणालीको क्षमता वढाउने काम गर्नु परेको कारणले सुत्र प्रणालीमा केही समस्या भइ प्रभावकारी वनाउन गुनासो लिखित र मौखिक रुपमा वढीरहेको अवस्था छ।

केही पालिकाहरुले विहान ७ वजेदेखि नै कर संकलन कार्य गरेको, विहान र वेलुका प्रणाली अति राम्रो भएको सुत्र प्रणाली मर्मत एव साना साना क्षमता वढाउने कार्य भईरहेको, EFT सर्भरमा क्षमता वढाउने काम भइरहेको हुदा दिनको ११ देखि ३ वजे सम्म प्रयोग कर्ता वढी हुदा २०८२।६।७ देखि २०८२।६।१० सम्म सुत्र प्रणाली सुस्त हुने व्यहोरा जानकारी गराउदै यसवाट सवैमा परेको असुविधा प्रति क्षमा सहित अनुरोध छ।

.........................
(यज्ञ प्रसाद ढकाल)
उप-महालेखा नियन्त्रक

Scanned with CamScanner